लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

(नियम ५२ को उपनियम (१) सँग सम्बन्धित) तहवृद्धिको सूचना

(सूचना प्रकाशित मिति २०८२/१२/२०)

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, ऐनको दफा ३१ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ को अनुसूची-१६ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:-**

१. सक्कल निवेदन,

२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भएको पत्रको प्रतिलिपि,

५. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम

६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

७. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

सुषमा महता के.सी.

प्रमुख प्रशासकीय अधिकृत